जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), सिरहाको बैठक ;

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७८/०२/०८ गते शनिवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

**उपस्थिति:**

प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

जिल्ला समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

प्रमुख सेनानी, श्री जितेन्द्र कुमार गौली, शेर गण चोहर्वा

प्रहरी उपरीक्षक, श्री हिरा वहादुर पाण्डे , जिल्ला प्रहरी कार्यालय, सिरहा

सशस्त्र प्रहरी उपरीक्षक, श्री दिपेन्द्र गिरी , सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा. , सिरहा

उप.अनु. निर्देशक, श्री तुलसीराम प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा

मे.अ., डा. विनय प्रभाकर, सिरहा अस्पताल, सिरहा

**आमन्त्रित:**

समन्वय प्रमुख - श्री राम चन्द्र ठाकुर, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

प्रमुख - श्री कृष्ण देव यादव, स्वास्थ्य कार्यालय, सिरहा

सभापति - श्री राज देव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा

केन्द्रीय परिषद् सदस्य - श्री देव कुमार यादव, नेपाल पत्रकार महासंघ

अध्यक्ष – श्री प्रमोद कुमार पौद्दार, उद्योग वाणिज्य संघ, सिरहा

उपाध्यक्ष – श्री संतोष कुमार अग्रवाल, नेपाल औषधी व्यवसायी संघ, सिरहा

कोभिड फोकल पर्सन - माधवराज ओझा, जिल्ला प्रशासन कार्यालय, सिरहा

प्रहरी निरीक्षक - श्री एक नाथ भट्टराई, जिल्ला प्रहरी कार्यालय, सिरहा ।

प्रमुख जिल्ला अधिकारी

जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), सिरहाको बैठक मिति २०७८/०२/०८ गते।

बैठकको कारवाही एवम् निर्णय

१. नेपाल सरकारबाट मिति २०७८/०२/०६ गते देखि लागु हुने गरी जारी भएको " **कोभिड-१९ संकट व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न बनेको अध्यादेश** " मा भएको व्यवस्था वारे बैठकमा अवगत भयो।

२. " **कोभिड-१९ संकट व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न बनेको अध्यादेश** " मा भएको व्यवस्थाको कार्यान्वयन र सर्व साधारणको जानकारीकालागि सवै स्थानीय तहमा पठाउने ।

३. कोभिड-१९ दोस्रो लहरको विद्यमान संक्रमण अवस्था एवम् व्यवस्थापन वारे छलफल भयो।

क) कोभिड-१९ सम्वद्ध अस्पतालहरुको अक्सिजन सिलिण्डर एवम् आपुर्ति व्यवस्थाको दैनिक व्यवस्थापन गर्न जिल्ला प्रशासन कार्यालय सिरहाबाट २०७८/०२/०४ च.नं. ११० (नि.स.) को फर्मेटबाट स्वास्थ्य कार्यालय- सिरहा र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखालाई भएको पत्राचार बैठकमा अवगत भयो। सो अनुसार दैनिक अनुगमन एवम् व्यवस्थापकीय कार्य गर्ने गराउने।

ख) जिल्लाभरको कोभिड-१९ को जिल्लाको समग्र अवस्था एवम् पालिकागत विवरण दैनिक रुपमा तयार गर्न जिल्ला प्रशासन कार्यालय सिरहाको २०७८/०२/०४ च.नं. १०८ को पत्रबाट " **सिचुएसन सेन्टर** " मा पठाईएको फर्मेटको व्यहोरा समेत बैठकमा अवगत भयो।

ग) त्यसैगरी कोभिड-१९ सम्वद्ध दैनिक अक्सिजन/रेम्डीसिभिर एवम् हरेक पालिकाको छुट्टा- छुट्टै विवरण तयार गरी प्रतिवेदन गर्न जिल्ला प्रशासन कार्यालयबाट २०७८/०२/०४ च.नं. ५७६३ र २०७८/०२/०४ च.नं. ५७६२ को पत्रबाट सिरहा जिल्लाका सवै (१७) स्थानीय तहलाई पठाईएको अनुगमनको ढाँचा (फर्मेट) को व्यहोरा समेत बैठकमा अवगत भयो।

४. दोस्रो चरणको कोभिशिल्ड खोप लगाउन खोप समन्वय समिति/स्वास्थ्य कार्यालय सिरहाले समयमै गृह कार्य सकी व्यवस्थापन गर्ने गराउने।

५. स्वास्थ्य सेवा विभागबाट मिति २०७८/०२/०७ को साँझ ९:३० बजे देहायको स्वास्थ्य सामाग्री जिल्ला प्रशासन कार्यालयमा प्राप्त भएको ;

क) रेम्डिसिभिर :९० (नव्वे)

ख) चाइनिज अक्सिजन सिलिण्डर खाली (४० लिटर) : १० (दश)

सो ९० रेम्डिसिभिर मध्ये प्राप्त हुनसाथ २ (दुई) विरामीकालागि ४ (चार) वटा सिरहा अस्पतालमा पठाईएकोमा २ वटा सोही अस्पतालमा जगेडा रहेको।

सो खपत विवरण सिरहा अस्पतालले जिल्ला प्रशासन कार्यालय (सिरहा) लाई उपलव्ध गराई हिसाव मिलान गर्ने।

सो २ खपत र बाँकी ८८ वटा रेम्डिसिभिरको व्यवस्थापन जिल्ला प्रशासन कार्यालय, सिरहाले गर्ने। अन्य अस्पतालको माग/आपुर्तिका सम्वन्धमा स्वास्थ्य कार्यालय- सिरहाले सहजीकरण गर्ने। ;

- सिरहा अस्पताल, रा.उ. स्मारक अस्पताल – लहानका चिकित्सकले विरामीको नाम समेतको विवरण खुलाई अस्पताल मार्फत माग गरेका बखत निशुल्क उपलव्ध गराउने।

- निजी अस्पतालको हकमा रेम्डिसिभिर नरहेको भए रेम्डिसिभिरको विरामी किटान गरी रेम्डिसिभर दिनु पर्ने अवस्था प्रमाणित हुने कागजातको आधारमा निर्धारित मुल्य रु. ४,९००/- संकलन गरी जिल्ला प्रशासन कार्यालयको कोभिड कोषमा आम्दानी वाँधने । त्यस्तो रकम कोभिड-१९ व्यवस्थापन मै खर्च गर्ने ।
- सो १० थान अक्सिजन सिलिण्ड स्वास्थ्य कार्यालय सिरहाको नियन्त्रणमा रही नेपाल रेडक्रस सोसाइटीले व्यवस्थापन गर्ने ।

६. शव वाहन व्यवस्था :

सिरहा र रा.उ. स्मारक, लहान अस्पतालले शव वाहन रेखदेख गर्न फोकल पर्सनको दर्जा, नामथर र सम्पर्क मो.नं. सवैले देख्ने स्थानमा टाँस गर्ने ।

फोकल पर्सनले शव वाहन संचालनमा ल्याउनु पुर्व सम्वन्धित स्थानीय तहको स्वास्थ्य शाखा, प्रहरी र नेपाली सेनालाई अनिवार्य रुपमा जानकारी दिनु पर्नेछ । त्यस्तो शव वाहन संचालनमा ल्याउदा PPE Set, लाग्ने इन्धन खर्च र लास ल्याउने शव वाहन चालकलाई प्रोत्साहन स्वरुप रु. १,०००/- (रुपैया- एक हजार) सम्वन्धित मृतकको स्थानीय तह (न.पा/गा.पा.) ले खर्च लेख्नु पर्नेछ ।

७. सिरहा तथा रा.उ. स्मारक अस्पताल, लहानमा कोभिड-१९ संक्रमित भई मृत्यु हुँदा शव उठाउन सो अस्पतालका सफाईकर्मीलाई आवश्यक्ता अनुरुप शेर गण चोहर्वाले तालिम दिने, अस्पतालले स्वास्थ्य सुरक्षा सामाग्री उपलव्ध गराउने ।

यसकालागि दुवै अस्पतालका मे.सु. ले तुरुन्त समन्वय/व्यवस्थापन गर्ने

८. सम्पर्क व्यक्ति वारेको जानकारी :

कोभिड-१९ सम्वद्ध हरेक अस्पतालले सवैले देख्ने स्थानमा देहायको विवरण दैनिक रुपमा अध्यावधिक गरी टाँस्नु पर्नेछ ;

- ड्यूटी चिकित्सक/अफिसरको नामथर र सम्पर्क मो. नं.
- ड्यूटी नर्सिङ्ग अफिसरको नामथर र सम्पर्क मो.नं.
- अस्पतालमा रहेको वेड क्षमता र खाली वेड : सामान्य, ICU, HDU एवम् भेन्टिलेटर
- एम्वुलेन्स चालकको नामथर र सम्पर्क मो.नं.

९. सिरहा न.पा.-३ र ४ नं. वडाका घनावस्तीका व्यक्तिहरु र आवश्यक्ता अनुरुप जिल्लाका अन्य स्थानीय तहका लक्षण देखिएका वा शंकित व्यक्तिहरुको एन्टिजेन PCR परीक्षण गर्न तत् तत् न.पा./ गा.पा. का स्वास्थ्य शाखाले तुरुन्त कार्य आरम्भ गर्ने ।

यसमा परीक्षणकालागि सिरहा अस्पतालको ल्यावले सघाउने ।

स्वास्थ्य कार्यालयले तुरुन्त समन्वय गर्ने ।

यस कार्यका एवम् तत् पश्चात समेत प्रयोगकालागि १५,००० एन्टिजेन किट प्रदेश नं. २ का सामाजिक विकास मन्त्रालय र प्रदेश स्वास्थ्य आपुर्ति केन्द्रमा उपलव्ध गराई दिन अनुरोध गर्ने ।

प्रमुख जिल्ला अधिकारी

१०. कोभिड-१९ संक्रमित रहेको अस्पताल, आईसोलेसन सेन्टर तथा कोभिड-१९ को PCR स्वाव संकलन तथा जाँच हुने ल्यावहरुबाट उत्पन्न हुने फोहरहरुलाई नियमानुसार Disinfect गरी व्यवस्थापन गर्न सम्वन्धित सवैलाई लेखी पठाउने।

११. सिरहा अस्पताल मातहत सोही परिसरमा रहेको ४ वटा भेन्टिलेटर संचालनमा ल्याउने एनेस्थेसिया एसिस्टेन्ट एक जना स्वंय सक्रमित हुन पुगी सो भेन्टिलेटरहरु संचालनमा ल्याउन ;

- सिरहा अस्पताल दरवन्दी भई अन्यत्र खटिएका सम्वन्धित स्वास्थ्यकर्मीलाई फिर्ता पठाउन प्रदेश नं. २ को सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने।
- कर्जन्हा स्थित " फुल कुमारी महतो मेमोरियल अस्पताल " का विज्ञ चिकित्सकलाई आमन्तरण गरी सिरहा अस्पतालले आफ्ना स्वास्थ्यकर्मीलाई पुर्ण प्रशिक्षित गर्ने।
- सिरहा अस्पतालले करारमा भर्ना गर्न सार्वजनिक सूचना आवह्वान गर्ने।

१२. अटोमेटिक स्यानीटाईजर डिस्पेन्सर देहायका निकाय/स्थानमा राख्न जिल्ला प्रशासन कोभिड कोषबाट खरिद गरी हस्तान्तरण गर्ने ;

क) सिरहा अस्पतालकालागि : ६ (छ) थान

ख) स्वास्थ्य कार्यालयकालागि : १ (एक)

ग) शेर गण र मातहतकालागि : ३ (तिन)

घ) जिल्ला प्रहरी कार्यालय र मातहतकालागि : ६ (छ) थान

ङ) सशस्त्र प्रहरी बल नेपाल, नं. ७ गण हे.क्वा., सिरहा र मातहतकाललागि : ९ (नौ) थान

च) राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयकालगि : १ (एक) थान

छ) जिल्ला प्रशासन कार्यालयकालागि : ६ (छ) थान

१३. नेपाल रेडक्रस सोसाइटि, सिरहाको च.नं. २१६ मिति २०७८/०१/३० को पत्रानुसार रेडक्रसको नाउँमा रहेको स. १ च ३७६ नं. को एम्वुलेन्स कोभिड -१९ को गतिविधिहरुमा शव वाहनको रुपमा संचालनकोलागि जिल्ला स्तरीय कोभिड-१९ संकटव्यवस्थापन केन्द्र बैठकको निर्णयानुसार सिरहा अस्पताललाई संचालन गर्न दिएकोमा हाल उक्त गाडी सिरहा अस्पतालले मरमत संभारकोलागि चौधरी अटो वर्कसप, लहान-३ मा पठाउँदा त्यहाँबाट बाट प्राप्त लगत इस्टिमेट अनुसार मुल्य रु. ४७,१९०/- (सरचालिस हजार एक सय नव्वे) लाग्ने भएकोले मरम्मत सम्भार गराई दिन रेडक्रस सिरहाबाट अनुरोध भएकोमा सो लगत इस्टीमेट अनुसारको रकम जिल्ला प्रशासनको कोभिड कोषबाट भुक्तानी दिने।

१४. सिरहा अस्पतालबाट मिति २०७८/०२/०६ च.नं. ६२१ को पत्र साथ स्वास्थ्य सामाग्री माग भएकोमा दोहोरो नपर्ने गरी आवश्यक सामाग्री अन्य स्रोत खोजी वा जिल्ला प्रशासन कार्यालयको कोभिड कोषबाट खरिद गरी उपलव्ध गराउने।

प्रमुख जिल्ला अधिकारी

सिरहा नेपाल

१५. २०७८/०२/०८ को सिरहा जिल्लाको कोभिड-१९ सम्वद्ध स्थिति :

| | संक्रमितको विवरण | | | | | | PCR | | Antigen | | | संक्रमितको उपचार अवस्था | | | | जिल्लामा उपलव्ध स्वास्थ्य पूर्वाधार | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | हिजो सम्मको संक्रमितको संख्या | आज थप भएको संक्रमितको संख्या | निको भएको संख्या | मृत्यु भएको संक्रमित संख्या | विगत २४ घण्टा भित्रको मृत्यु भएको संख्या | हालको सक्रिय संक्रमितको संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | होम आईसोलेसनमा रहेका संक्रमितको संख्या | क्वारेन्टिनमा रहेका संक्रमितको संख्या | सामान्य उपचारमा रहेका संख्या | ICU मा उपचाररत संख्या | HDU उपचाररत संख्या | भेन्टिलेटरमा उपचाररत संख्या | अस्पताल संख्या | बेड संख्या | HDU बेड संख्या (सिरहा अस्पतालको) | ICU संख्या | भेन्टिलेटर संख्या | दोस्रो चरणमा खोप लगाएको व्यक्ति संख्या | अक्सिजन सिलण्डर संख्या |
| सिरहा | ७०२ | ६० | १३० | ४३ | ३ | ५८९ | २३७४ | ७६२ | २७२ | २९ | ५५४ | २ | २१ | ३ | ९ | ० | १५ | ८१५ | २७ | २९ | ८ | ४४१३ | १९९ |

१६. स्वास्थ्य कार्यालय सिरहामा कोभिड-१९ विरुद्धको भाईल संख्या ४,७२७/- प्राप्त भई खोप लगाएकोमा खोप कार्यक्रमको प्रगति विवरण देहाय अनुसार रहेको ;

| पहिलो डोजको प्रगति | | | | |
|---|---|---|---|---|
| क्र.स. | मिति | लक्ष्य | प्रगति | प्रतिशत |
| १ | २०७७ माघ १४ देखि २४ सम्म | ३९३० | ३४२६ | ८७.१३ |
| २ | २०७७ फाल्गुन २ देखि १० सम्म | ३३०० | २९२४ | ८८.७० |
| ३ | २०७७ फाल्गुन २३ देखि चेत्र २ सम्म | ४१७७९ | ३३९३५ | ८१.२२ |
| **दोस्रो डोजको प्रगति** | | | | |
| क्र.स. | मिति | लक्ष्य | प्रगति | प्रतिशत |
| १ | २०७८ बैशाख ७ देखि जेष्ठ ८ गते सम्मको प्रगति | ६३५० | ४४१३ | |

२०७८।२।८

जिल्ला अधिकारी